बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, नेपाल

## जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना!

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२८

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम "जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान" मा प्रस्ताव पेश गर्न इच्छुक बागमती प्रदेश भित्रका आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८१/०८/१८) भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरी यस निर्देशनालयको वेबसाइट (https://doadbagamati.gov.np) मार्फत अनलाइन प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

कार्यक्रम विवरणः

| क्र. सं. | कार्यक्रमको नाम | साझेदार संस्था वा आवेदक | अधिकतम अनुदान रकम (प्रति हेक्टर) | स्वीकृत कार्यविधिको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान | जग्गा भाडामा लिई केरा खेती गर्दै आएका निजी फर्म/ कम्पनी/समूह/ कृषि कार्यमा संलग्न सहकारीहरु | रू.२०,०००।०० | जग्गा भाडामा लिई केरा/ तरकारी खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | न्यूनतम ६ रोपनि जग्गा भाडामा लिई खेती गरेको हुनुपर्ने |

संलग्न गर्नुपर्ने कागजात

१. निवेदन
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र गत आ.व. को करचुक्ता प्रमाण पत्र
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि
५. अनुसूची-२ बमोजिमको विवरण फारम
६. अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र,
७. बिमालेखको प्रतिलिपि
८. कम्तिमा ३ वर्षको लागि केरा खेती गर्ने प्रयोजनका लागि जग्गा भाडामा लिएको सम्झौता पत्र र जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा लालपुर्जाको विवरण खुलेको कर तिरेको रसिद।
९. लालपुर्जा नभएको जग्गाको हकमा उक्त जग्गाको कित्ता नम्बर, क्षेत्रफल र जग्गाधनीको विवरण खुलाई सम्बन्धित वडा कार्यलयले प्रमाणित गरेको पत्र हुनुपर्नेछ।

पुनश्चः विस्तृत जानकारीको लागि फोन नं. ०५७-५२०४६६ वा ९८४७९५७०४१ मा सम्पर्क राख्नु हुन वा सम्बन्धित कार्यविधिः "जग्गा भाडामा लिई केरा/ तरकारी खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" निर्देशनालयको वेभसाइट http://doad.bagamati.gov.np/ बाट डाउनलोड गर्न सक्नुहुनेछ।

सुधीर श्रेष्ठ
निर्देशक